Regd. 160008/073/074

# SHIVA SHREE HYDROPOWER LTD.

Ref. No. 65/2081/82

मिति : २०८१।०६।०२

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा काठमाण्डौं

बिषय :- वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१/०५/३१ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार मिति २०८१ साल आश्विन महिना २३ गते बुधबार वार्षिक साधारण सभा गर्ने निर्णय भएको हुँदा साधारण सभा प्रयोजनको लागि मिति २०८१/०६/१५ गते शेयर दाखिल खारेज बन्द गरिने ब्यहोरा जानकारिको लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय :-**

मिति : २०८१ साल आश्विन महिना २३ गते बुधबार (तदनुसार Oct 9, 2024)
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तीसपुतली, काठमाण्डौं
समय : बिहान ११:०० बजे

भवदिय

मन्जु कुमारी श्रेष्ठ
अध्यक्ष

बोधार्थ

१. श्री नेपाल धितोपत्र बोड, खुमलटार, ललितपुर ।
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ।
३. श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक काठमाण्डौं ।
४. श्री विद्युत नियमन आयोग, सानोगौचरण काठमाण्डौं ।
५. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायनचौर काठमाण्डौं ।

संलग्न

वार्षिक साधारण सभा बारेको सुचना

ANAMNAGAR-32, KATHMANDU, NEPAL
Tel.: 00977-1-4796346
E-mail: shivashreehydropowerltd@gmail.com

राखेका बोर्डको कर लिनु स्वभाविक व्यवसायीले साइनबोर्ड कर नतिर्ने राखेको बताए।

# शिव श्री हाइड्रोपावर लिमिटेड
## काठमाण्डौं

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०६/०१)

**आदरणीय शेयरधनी महानुभावहरु ,**

यस शिव श्री हाइड्रोपावर लि.को मिति २०८१/०५/३१ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा कम्पनीको आ.व. २०७९/०८० को वार्षिक साधारण सभा बस्ने भएकोले उक्त साधारण सभामा उपस्थितीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :-**

**मिति :** २०८१ साल आश्विन महिना २३ गते बुधबार (तदनुसार Oct 9, 2024)

**स्थान :** अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तीसपुतली, काठमाण्डौं

**समय :** बिहान ११:०० बजे

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नु हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।

२. आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

**ख) विशेष प्रस्ताव**

१. यस कम्पनीको नियमावलीको नियम २७ (२) को व्यवस्था संशोधन प्रस्ताव पारित गर्ने सम्बन्धमा।

**ग) विविध।**

१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८१/०६/१५ (तदनुसार २०२४/१०/०१) गतेको दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८१/०६/१५ (तदनुसार २०२४/१०/०१) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सभामा भाग लिन योग्य रहनेछन्।

२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन।

३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि खुल्ला रहनेछ।

४. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नुपर्ने छ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधी मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्ट्रार कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरीएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्दछ।

५. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ।

६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन।

७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

८. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालय का.म.न.पा. वडा नं. १०, काठमाण्डौं वा फोन ०१-४७९६३४६ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

